जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १२ • अंक ३४३ • २०८२ असोज १५ गते बुधवार • 1 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-







# नवरात्रिको साधना

नेपाली संस्कृति सधैँ सौर्य, पुरुषार्थ र वीरताको पूजक र शक्तिको उपासक रहँदै आएको देखिन्छ। हुन पनि शक्तिबिना कुनै पनि प्रकारको विजय सम्भव छैन। यसैले पनि हो सनातन हिन्दु धर्मसंस्कृतिमा प्रायः सबै जसो देवीदेवतालाई कुनै न कुनै शस्त्रअस्त्र धारण गरेको रूपमा शास्त्रीय ग्रन्थहरूले उल्लेख गरेका छन् र त्यसैलाई कलाकारहरूले आफ्नो कुची, बुरुस र औजारले मनमोहक रूप र आकृतिमा जीवन्त तुल्याएका देखिन्छ। शक्तिको उपयोग आवश्यक पर्दा आसुरी शक्ति वा दुष्टताको विनाश गरी धर्मको पुनर्स्थापना गरिने परम्परा रहिआएको देखिन्छ। शक्ति आर्जन सजिलो छैन, यसका लागि सदैव उपयुक्त साधनाको निरन्तरता आवश्यक पर्ने हुन्छ।

विजयादशमीको मुख्य केन्द्रमा नवरात्रिको साधना, महासरस्वती, महालक्ष्मी र महादुर्गाको पूजाअर्चना रहेको देखिन्छ। यस परम्पराको उठानको केन्द्रीय पात्र एवं आदर्श व्यक्ति चाहिँ मर्यादापुरुषोत्तम 'राम' नै हुन्। उनी सत्य, मर्यादा, विवेक, प्रेम र त्यागको पराकाष्ठा हुन्। भनौँ भने मानवदेखि महामानवसम्मको सम्पूर्ण यात्रा हुन् भन्दा फरक पर्दैन। यिनै गुणहरूका कारण नेपाली जनमानसका साथै विश्वका सम्पूर्ण सनातन हिन्दु धर्मावलम्बी अनेकौँ शताब्दी बितिसक्दा पनि उनीप्रति श्रद्धा, भक्ति, सम्मान गर्दै सदैव नतमस्तक गरी उनको गुणगान निरन्तर गर्दै आईरहेको देखिन्छ।

# पुनः कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित कार्यालयमा दर्ता गराउन आग्रह

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ असोज**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जेनजी आन्दोलनका क्रममा विभिन्न कार्यालयको निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्न (कासमू) फाराम नष्ट भएकाले कर्मचारीले पुनः कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित कार्यालयमा दर्ता गराउन आग्रह गरेको छ।




असोज २२ देखि २८ सम्म पुनः कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित कार्यालयमा दर्ता गराउन मन्त्रालयले सम्बन्धित कार्यालयलाई आग्रह गरेको हो। लोक सेवा आयोग, बढुवा समितिका सचिवलाय सबै, मन्त्रालय, आयोग, कार्यालय, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, जिल्ला समन्वय समिति र स्थानीय तहलाई परिपत्र गरी अगजनी र तोडफोडबाट नष्ट भएका कार्यालयका कर्मचारीले कार्यसम्पादन फाराम पुनः भर्न मन्त्रालयले सार्वजनिक गरेको सूचनामा उल्लेख गरिएको छ। आर्थिक वर्ष २०८१/८२ भन्दा अघिल्लो वर्षका मूल्याङ्कन कार्य सम्पन्न भई कार्यालयमा रहेका कार्यसम्पादन मूल्याङ्कन फाराम नष्ट भएको अवस्थामा सम्बन्धित बढुवा समितिका सचिवालयबाट उक्त कार्यसम्पादन मूल्याङ्कन फारामको प्रमाणित छाया प्रति माग गरी अभिलेख गर्नुपर्ने छ। त्यस्तै मूल्याङ्कन कार्य सम्पन्न भई सम्बन्धित कार्यालय र बढुवा समितिको सचिवालयमा रहेका आर्थिक वर्ष २०८१/८२ र सोअघिका आवको कार्यसम्पादन मूल्याङ्कन फाराम दुवै नष्ट भएको भए लोक सेवा आयोगमा रहेको कार्यसम्पादन मूल्याङ्कन फारामको प्रमाणित प्रति आयोगबाट माग गरी अभिलेख राख्ने, लोक सेवा आयोगमा समेत नभएको अवस्थामा मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन कार्य सम्पन्न गराई सम्बन्धित निकायमा पठाउन मन्त्रालयले सम्बन्धित निकायलाई आग्रह गरेको छ।

आव २०८१/८२ को कार्यसम्पादन मूल्याङ्कन फाराम मूल्याङ्कन प्रक्रिया पूरा भई सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइसकेको भए सोको प्रमाणित छाया प्रति सम्बन्धित बढुवा समितिको सचिवालयबाट सम्बन्धित निकायले माग गरी अभिलेख गर्ने मन्त्रालयले सम्बन्धित निकायलाई गरेको परिपत्रमा उल्लेख गरिएको छ। मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीले मूल्याङ्कन प्रक्रिया पूरा नभएका वा पूरा नभए पनि बढुवा समितिको सचिवालयमा पठाउन बाँकी रहेको अवस्थामा नष्ट भएका कार्यसम्पादन मूल्याङ्कन फाराम सम्बन्धित कर्मचारीले उक्त अवधिभित्र पुनः भर्नुपर्ने बताउनुभयो।




# मलेकपुर टोलमा ढोकाको ताल्चा फुटाएर चोरी



**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, १४ असोज**

सप्तरीको राजगढ गाउँपालिका ५ स्थित मलेकपुर टोलमा ढोकाको ताल्चा फुटाएर चोरी भएको छ। स्थानीय सन्तलाल साहको घरमा कोही नभएको बेलामा सोमबार राति चोरले ताल्चा फुटाएर घरबाट करिब ६ लाख तीन हजार रुपियाँ बराबरको सामान चोरी गरेको पीडितको भनाइ छ।

चोरीबारे मङ्गलबार बिहान करिब ७:३० बजे प्रहरीलाई जानकारी गराएपछि घटनास्थल पुगेर प्रारम्भिक अनुसन्धान गर्दा साहको घरभन्दा करिब १ किलोमिटर पूर्व धानखेतमा चोरी भएका सामानसहितको ब्याग फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। चोरीमा परेका सामानहरुमा तीन लाख नगद, करिब एक लाख १० हजार रुपियाँ मूल्य बराबरको आठ आना सुन, एक लाख बराबरको सातसय ग्राम चाँदी, ८० हजार रुपियाँ मूल्य बराबरको आईप्याड, पाँच हजार बराबरको ब्लाङ्केट, आठ हजार बराबरका साडी, थाल, काँच गिलास लगायतका अन्य समानहरु चोरी भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बर पुरीले जानकारी दिनुभयो।

## तपाईको टुडे

मेषः खानपानमा समस्या आउने
वृषः विचार गरेर बोल्नुहोला
मिथूनः पिछडेको साथी मिल्ने
कर्कटः अशुभ समाचार प्राप्त हुने
सिंहः मनमा पछुतो आउने
कन्याः अनावश्यक चिन्ता
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः पढाईमा ध्यान दिनुपर्ने
धनुः लामो यात्राको योग छ
मकरः अनावश्यक खर्चको संभावना
कूम्भः मित्रतामा फाटो आउने
मीनः आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# विद्यालयका विद्यार्थीमा लागुऔषध दुर्व्यसन बढ्दो

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ असोज**



श्रीलङ्काको पश्चिमी प्रान्तमा स्कूलका विद्यार्थीहरूको सङ्ख्यामा सबैभन्दा बढी लागुऔषध दुर्व्यसनी रेकर्ड गरिएको नेसनल डेन्जरस ड्रग्स कन्ट्रोल बोर्ड ( एनडीडिसिबी) ले सोमबार जनाएको छ । दुर्व्यसनका सबैभन्दा बढी केसहरू भने कोलम्बो जिल्लामा दर्ता भएका छन् ।

एनडीडिसिबीले जारी गरेको विज्ञप्तिअनुसार, कोलम्बो र यसका उपनगरहरूमा रहेका कम आय भएका समुदायका बालबालिकाहरू दुर्व्यसनको विशेष जोखिममा छन्। यसबाहेक, गम्पाहा, कुरुनेगला, अनुराधापुरा, गाले, रत्नपुरा र कालुतारासहित क्यान्डी जिल्लाका केही भागहरू पनि उच्च जोखिममा रहेका क्षेत्रका रूपमा पहिचान भएका छन् । विद्यार्थीहरूमा लागुऔषध प्रयोगको प्रमुख कारणका रूपमा साथीहरूको सङ्गत लाई उद्धृत गरिएको छ। साथै, लागुऔषध रोकथाम नीतिहरूको कमजोर कार्यान्वयन, तनावपूर्ण पारिवारिक वातावरण, उपेक्षा, गरिबी, कुपोषण र समुदायहरूमा लागुऔषधको सहज उपलब्धता जस्ता कारणले दुर्व्यसन बढेको एनडीडिसिबीले जनाएको छ।

यस प्रवृत्तिलाई नियन्त्रण गर्न एनडीडिसिबीले वातावरणीय तथा मिडिया अभियानहरूसँगै विद्यालय, युवा, परिवार, कार्यस्थल र समुदायमा आधारित कार्यक्रमहरू सुरु गरिरहेको बताएको छ । परामर्श सेवाहरू विस्तार गरी मध्यम र उच्च जोखिम भएका बालबालिकाहरूलाई विद्यालय वा व्यावसायिक शिक्षामा फर्कनुअघि एनडीडिसिबीको युवा उपचार केन्द्रमा उपचारका लागि पठाउने व्यवस्था गरिएको छ।

यसैबीच, प्रहरीले दिएको जानकारीअनुसार यस वर्ष जनवरी १ देखि अगस्ट ३१ को बीचमा २०६ जना बालबालिकालाई लागुऔषधसँग सम्बन्धित अपराधका लागि हिरासतमा लिइएको थियो।

# दीपिका पादुकोण र फराह खानबिच खटपट ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ असोज**



फिल्म निर्देशक फराह खान र अभिनेत्री दीपिका पादुकोणले इन्स्टाग्राममा एकअर्कालाई अनफलो गरेका छन्। फराह खानले दीपिकाको पछिल्लो काम र ८ घण्टे सुटिङको बारेमा टिप्पणी गरेपछि विवाद सुरु भएको हो। दीपिकाले फिल्म 'स्पिरिट' बाट बाहिरिनुको कारण ८ घण्टे सिफ्ट र अन्य शर्तहरू भएको बताइएको छ।

फिल्म निर्देशक तथा कोरियोग्राफर फराह खान र अभिनेत्री दीपिका पादुकोणले एकअर्कालाई इन्स्टाग्राममा अनफलो गरेका छन्, जसले उनीहरूको सम्बन्धमा खटपट आएको अनुमान गरिएको छ।

यो विवाद फराह खानले हालै आफ्नो एक भ्लगमा दिएको अभिव्यक्तिका कारण सुरु भएको मानिन्छ। अभिनेत्री राधिका मदानसँगको कुराकानीमा फराहले राधिकालाई उनको पहिलो अडिसनको अनुभव सोध्दै 'तपाईंको सिफ्ट ८ घण्टाको थिएन होला नि?' भनेर व्यङ्ग्य गरेकी थिइन् । जवाफमा राधिकाले ४८ देखि ५६ घण्टासम्म नरोकिई काम गरेको बताएपछि फराहले 'यसरी नै तपेर मात्र सुन बन्छ' भनेकी थिइन् ।

# डलरको विनिमयदरमा सामान्य वृद्धि

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ असोज**




नेपाल राष्ट्र बैंकले आज (सोमबार) का लागि अमेरिकी डलरको विनिमयदरमा सामान्य वृद्धि भएको जनाएको छ। राष्ट्र बैंकका अनुसार आज अमेरिकी डलर एकको खरिददर १४१ रुपैयाँ ७२ पैसा र बिक्रीदर १४२ रुपैयाँ ३२ पैसा निर्धारण गरिएको छ। यसअघि हिजो अमेरिकी डलर एकको खरिददर १४१ रुपैयाँ ६६ पैसा र बिक्रीदर १४२ रुपैयाँ २६ पैसा थियो। यसरी हेर्दा आज डलरको खरिददरमा ६ पैसा र बिक्रीदरमा ६ पैसाको सामान्य वृद्धि भएको छ । साथै युरोपियन युरो एकको खरिददर १६५ रुपैयाँ ९५ पैसा र बिक्रीदर १६५ रुपैयाँ ६६ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १९० रुपैयाँ २८ पैसा र बिक्रीदर १९१ रुपैयाँ ०९ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७७ रुपैयाँ ४६ पैसा र बिक्रीदर १७८ रुपैयाँ २१ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९२ रुपैयाँ ९८ पैसा र बिक्रीदर ९३ रुपैयाँ ३८ पैसा, क्यानेडियन डलर एकको खरिददर १०१ रुपैयाँ ७२ पैसा र बिक्रीदर १०२ रुपैयाँ १५ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०९ रुपैयाँ ७७ पैसा र बिक्रीदर ११० रुपैयाँ २४ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ५२ पैसा र बिक्रीदर नौ रुपैयाँ ५६ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ९१ पैसा र बिक्रीदर १९ रुपैयाँ ९९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३७ रुपैयाँ ७९ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९५ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ८८ पैसा र बिक्रीदर ३९ रुपैयाँ ०५ पैसा कायम भएको छ।

# झरना रनिङ शिल्डको उपाधि योङ स्टारलाई

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ असोज**



स्वर्गीय उदीयमान खेलाडी अंकित पुनको स्मृतिमा आयोजित ३७ औं झरना रनिङ शिल्ड नकआउट प्रतियोगिताको उपाधि योङ स्टार मडाहाले जितेको छ। सोमबार भएको अन्तिम खेलअन्तर्गत निर्धारित समयमा दुवै टिमले १-१ गोलको बराबरी खेलेपछि पेनाल्टी सुट आउटमा गएको खेलमा योङ स्टारले उपाधि चुमेको हो।

झरना स्पोर्ट्स क्लबको आयोजनामा उमा आधारभूत विद्यालयको मैदानमा भएको खेलको पहिलो हाफमा कपिलवस्तु-११ का अरुण चौधरीले गोल गरेपछि योङ स्टारका अनुज गैरेले गोल फर्काएर बराबरी बनाएका थिए । त्यसपछि टाइब्रेकरमा पुगेको खेल योङ स्टारले ४-३ ले जितेको हो। विजेता योङ स्टारले ३ लाख ४१ हजार रुपैयाँ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता कपिलवस्तु-११ ले १ लाख ८६ हजार रुपैयाँमा चित्त बुझाएको हो । प्रतियोगितामा जनज्योति क्लबका एरोन थापाले म्यान अफ द टुर्नामेन्ट र बेस्ट स्ट्राइकरको पुरस्कार जिते ।

त्यस्तै योङ स्टारका टोपबहादुर राना बेस्ट गोलकिपर बने भने सोही क्लबका कोच विजय गुरुङले बेस्ट कोचको पुरस्कार पाए । त्यस्तै कपिलवस्तु-११ का सोविन चौधरी बेस्ट डिफेन्सर बन्न सफल भएको खेल संयोजक विजय पुनले जानकारी दिए। पुरस्कार वितरण कार्यक्रममा बोल्दै तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाणले खेलका माध्यमबाट तिलोत्तमालाई परिचित गराउन झरना स्पोर्ट्स क्लब्ले महत्त्वपूर्ण भूमिका खेलेकामा खुसी व्यक्त गरे । उनले नगरपालिकाको सानका रुपमा रहेको यस रनिङ शिल्ड प्रतियोगितालाई आगामी वर्षदेखि गोल्डकपका रुपमा संचालन गर्न नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता पनि जनाए । प्रतियोगिता असोज १ गतेदेखि सुरु भएको थियो ।






# मधेस प्रदेशका आठ वटै जिल्लामा वडा दशैं धुमधामसँग मनाइदै

## जनकपुरधामको माता राजदेवीमा १८ हजार भन्दा बढी बोकाको बलि प्रदान

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १४ असोज**



मधेस प्रदेशका आठ वटै जिल्लामा बडा दसैंको रौनक छाएको छ। यहाँका शक्तिपीठमा पूजाअर्चना तथा मेला आयोजना गरी धुमधामसँग दसैं मनाइँदैछ। खासगरी जनकपुरधाम, वीरगञ्ज र सप्तरीमा नवरात्रीका अवसरमा देवीको शक्तिपीठमा दर्शनार्थीको घुइँचो लाग्ने गर्दछ। दर्शनार्थीको सहजताका लागि व्यक्तिगत, सामूहिक र स्थानीउ युवा क्लबको सहयोगमा दसैंलाई सभ्य एवं भव्य बनाउने काम भइरहेको छ। जनकपुरधामको माता राजदेवीमा मंगलबार राति ८:३३ बजेदेखि बलि प्रदान शुरु भई १८ हजार भन्दा बढी बोकाहरुको बलि प्रदान गरिएको छ। घटस्थापनाकै दिनदेखि शक्तिपीठमा लोक नृत्य, सांस्कृतिक कार्यक्रम लगायत विविध कार्यक्रम गरी दसैंलाई भव्य बनाउने प्रयास भइरहेका छन्। विशेषगरी साँझ र बिहान मन्दिरहरूमा पुरुषभन्दा महिलाहरूको भीडभाड बढी लाग्ने गरेको छ। प्रत्येक बिहान स्नान गरी मन्दिरमा पूजाअर्चना गर्ने क्रम घटस्थापनादेखि विजयादशमी अर्थात् विसर्जनसम्म नै हुने गरेको छ। जनकपुरधामको राजदेवी मन्दिर, सिरहाको लहानस्थित दुर्गा मन्दिर, सप्तरीको छिन्नमस्ता भगवती मन्दिर, कंकालिनी मन्दिर, महोत्तरीको सोनामाई, संसारी माई, पञ्चधुरा माई, सर्लाहीको चमेलीमाई, रौतहटको गौरस्थित राजदेवी मन्दिर, पर्साको गहवा माई र बाराको गढीमाई मन्दिरमा नवरात्रिभर दर्शथार्नीको भीड लाग्ने गर्दछ। राजदेवी मन्दिर-जनकपुरधाम (धनुषा) : मधेस प्रदेशको राजधानी जनकपुरधामस्थित राजदेवी मन्दिरलाई यहाँको प्रमुख शक्तिपीठ मानिन्छ। यो मन्दिरमा प्रत्येक वर्ष दसैं र चैतेदसैंमा भव्य मेला लाग्छ। मन्दिरलाई स्थानीय युवा क्लबले बेहुलीझैँ सजाएर मेलाको आयोजना गर्छन्। यहाँ नेपाल मात्रै होइन भारतका विभिन्न ठाउँबाट दर्शनार्थीहरु आउने गर्छन्। राजदेवीलाई राजा जनकको कुलदेवीको रूपमा मानिन्छ। यहाँ अष्टमीको दिन बर्सेनि १५ हजारभन्दा बढी खसी बोकाको बलि दिने गरिएको छ। दुर्गा मन्दिर-लहान (सिरहा): लहान नगरपालिका-७ स्थित दुर्गा मन्दिरमा यतिबेला भव्य मेला लागेको छ। दसैंका दसैं दिन यस मन्दिरमा दैनिक ठूलो भीडभाड हुन्छ। यहाँ सिरहाका मात्र नभई सप्तरी, उदयपुर, धनुषा, काठमाडौं, विराटनगरलगायत भारतका विभिन्न ठाउँबाट हजारौं भक्तजन आउने गरेका छन्। धार्मिक तथा पौराणिक महत्त्व बोकेको यस मन्दिरमा भाकल पूरा हुने विश्वाससहित प्रत्येक वर्ष हजारौंको सङ्ख्यामा बली दिने र खोइछ भर्ने चलन छ। सोनामाई मन्दिर औरही(महोत्तरी): महोत्तरीको औरहीस्थित सोनामाइ मन्दिरमा पनि दसैं विशेष रूपमा मनाइने गरिन्छ। यहाँ दसैंमा भूतमेलासमेत लाग्ने गरेको छ। दसैंको षष्ठी तिथिदेखि दशमीसम्म भूतप्रेतमा विश्वास गर्नेहरू यहाँ आउने गरेका छन्। मन्दिरका पुजारी केदार झा उक्त मेलामा शरीरको दुःख निवारणका लागि सोनामाइको शरणमा भक्तजन आउने गरेको बताउनुहुन्छ। मेलामा महोत्तरी, सर्लाही, धनुषा, सिरहा, रौतहटलगायत नेपालका मकवानपुर, सुनसरी, मोरङ र काठमाडौँदेखि मानिसहरू आउने गरेको उहाँले सुनाउनुभयो। दुर्गा पूजा मटिहानी-(महोत्तरी): यस्तै, महोत्तरीको मटिहानीमा पनि दसैंमा दुर्गा मेला विशेष रूपले मनाइन्छ। नेपाल भारतको सीमामा पर्ने यो ठाउँमा भव्य मेला लाग्ने गरेको छ। संसारी माई-(महोत्तरी): महोत्तरी सदरमुकाम जलेश्वरस्थित प्राचीन शक्तिपीठ संसारी माई मन्दिरमा हरेक पाँच वर्षमा विशेष मेला लाग्छ। संसारी माईले सपनामा पूजा गर्ने वर्षको सङ्केत दिने गरेको जनविश्वासअनुसार यहाँ नेपाली सेनाको सलामीसँगै पञ्चबलि दिने परम्परा छ। सेन वंश, नान्य वंशदेखि पृथ्वीनारायण शाहको पालासम्म यहाँ विशेष पूजा हुँदैआएको बताइन्छ। पञ्चधुरा माई-(महोत्तरी): महोत्तरीको बर्दिबास-४ स्थित प्राचीन शक्तिपीठ पञ्चधूरा माई मन्दिरलाई साक्षात् भगवतीको निवास मानिन्छ। यहाँ भक्तजन सुख-दुःख वा सन्तानको कामना लिएर पुग्ने गर्छन्। यहाँ दसैंबाहेक अन्य समयमा पनि बलि दिने परम्परा छ। किंवदन्तीअनुसार तत्कालीन अवस्थामा जङ्गबहादुर राणाले १९३३ मा सिकारका क्रममा सेतो बाघदेखि बन्दुक हानेको गोली यहीँ पञ्चधूरामा विलय भएको भनिन्छ। छिन्नमस्ता भगवती मन्दिर-छिन्नमस्ता(सप्तरी): सप्तरीको छिन्नमस्ता भगवती मन्दिर पर्यटकको आकर्षणको केन्द्र बनेको छ। धार्मिक तथा पर्यटकीय दृष्टिकोणले चर्चित यस स्थानमा बिहानदेखि रातिसम्म भीड लाग्ने गरेको छ। नेपाली मात्रै नभई भारतीय पनि यहाँ पूजा गर्न आउँछन्।

# नेपाली सेनाद्वारा निर्माण गरेको भगवान शिवको मन्दिर विधिपूर्वक उद्घाटन

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, १४ असोज**



सप्तरीको छिन्नमस्ता मन्दिर परिसरमा नेपाली सेनाले निर्माण गरेको भगवान शिवको मन्दिर विधिपूर्वक उद्घाटन गरिएको छ। मध्यपूर्वी पृतनाका पृतनापति उपरथी श्री कृष्ण बहादुर जिसीले फुलपातिको अवसर पारेर सो मन्दिरको उद्घाटन गर्नुभएको हो।

मध्यपूर्वी पृतना अन्तर्गत श्री नम्बर २७ वाहिनी तथा सम्बन्धित युनिटहरुको समन्वय र पहलमा बनेको मन्दिरको उद्घाटनसँगै सो मन्दिर सञ्चालन गर्न समितिलाई औपचारिक रुपमा हस्तान्तरण गरिएको राजविराजस्थित बरखगणका प्रमुख सेनानी सोवित बहादुर चन्दले जानकारी दिनुभयो।

मन्दिरको उद्घाटन समारोहमा बोल्नुहुँदै वक्ताहरुले नेपाली सेनाले राष्ट्रिय सुरक्षासँगै सांस्कृतिक सम्पदाको संरक्षणमा गरेको योगदान सराहनीय भएको बताउनुभयो। उद्घाटन समारोहमा मध्य पूर्वी पृतनाका पृतनापति उपरथी जिसी, श्री नम्बर २७ वाहिनी अड्डाका वाहिनीपति सहायक रथी नारायण बहादुर थापा, बरख गणका गणपति प्रमुख सेनानी सोवित बहादुर चन्द, मन्दिरका पिठाधिश महाकान्त ठाकुर, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी सहित स्थानीयहरुको उपस्थिती थियो। मन्दिरको उद्घाटन समारोहमा मन्तव्य व्यक्त गर्दै वक्ताहरूले नेपाली सेनाले राष्ट्रिय सुरक्षासँगै सांस्कृतिक सम्पदाको संरक्षणमा गरेको योगदान सराहनीय भएको बताउनुभयो। यस किसिमका पहलले सेना-जन सम्बन्ध थप मजबुत हुने उहाँहरुले विश्वास व्यक्त गर्नुभयो। नेपालकै प्रख्यात धार्मिक स्थलमध्ये पर्ने छिन्नमस्ता मन्दिरको ऐतिहासिक र सांस्कृतिक महत्त्वको स्मरण गर्दै वक्ताहरुले मन्दिर परिसरको संरक्षण, श्रद्धालु तथा पर्यटकमैत्री व्यवस्थापनका लागि स्थानीय तह, मन्दिर समिती र सुरक्षा निकायसँगको सहकार्यलाई निरन्तर अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

समारोहमा छिन्नमस्ता गाउँपालिकाको तर्फबाट अध्यक्ष चौधरीले नेपाली सेनाका पृतनापति उपरथी कृष्ण बहादुर जिसी, वाहिनीपति सहायक रथी नारायण बहादुर थापा र गणपति प्रमुख सेनानी सोवित बहादुर चन्दलाई कदरपत्र प्रदान गर्नुभयो।नेपाली सेनाको यस पहलले "नेपाली सेना सुरक्षा मात्र होइन, संस्कृति संरक्षण र समुदायसँग सहयात्रामा पनि समर्पित छ" भन्ने स्पष्ट सन्देश दिएको मन्दिर सञ्चालन समितिले जनाएको छ।

# सोनामाई मन्दिरमा अहिले भूत मेलाको रौनकता

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १४ असोज**



भूत मेलाका लागि प्रसिद्ध महोत्तरीको सोनामाई मन्दिरमा अहिले भूत मेलाको रौनक छाएको छ। कहिले दसैं आउला र कहिले भूत मेला सुरु हुने प्रतीक्षामा बसेका महोत्तरीलगायत सम्पूर्ण मिथिला क्षेत्रका भूत मेलाप्रेमी अहिले कति बेला साँझ पर्ला र कति बेला भूत मेला सुरु होला भन्दै उत्साहित भएका देखिन्छन्।

परम्परागत रुपमा अनादी कालदेखि नै बडादसैंका बेला भूत मेलाका लागि प्रख्यात जिल्लाको औरही नगरपालिकामा-७ मा अवस्थित सोनामाई शक्तिपीठमा षष्ठी तिथिदेखि नै सुरु भएको भूत मेलाले अहिले सबैलाई आकर्षित पारेको छ।

परापूर्वकालदेखि नै भूत मेलाका लागि प्रख्यात रहेको सोनामाई मन्दिरमा हरेक वर्ष बडादसैंको षष्ठी तिथिदेखि लाग्ने भूतमेलामा दैनिक हजारौं दर्शनार्थी आएर मेलाको दर्शन गर्नाका साथै सहभागिता जनाउने गरेको सोनामाईका पुजारी कामेश्वर झाले बताए। भूतप्रेत, बोक्साबोक्सी र दुष्ट आत्माले सताइएका हजारौं पीडितहरु प्रत्येक वर्ष यस मेलामा आउने गर्दछन् भने सोनामाईको असिम कृपाले यहाँबाट निको भएर जाने गरेको जनविश्वास रहेको अर्का पुजारी रमेश झा बताउँछन्।

वर्षौंदेखि भूत, पिसाच, कालो जादुटुना र बोक्साबोक्सीको कुचक्रमा परेर जीवन मृत्युको दोसाँधमा परेकाहरु सोनामाईको सीमा क्षेत्रमा आउने बित्तिकै को-कसबाट सताइएको बारे आफैं भन्न थाल्छन् भने देवीको शक्तिले सीमा क्षेत्रमा खुट्टा टेक्ने बेलादेखि नै लड्दै पर्दै, रुँदै, हाँस्दै र विभिन्न गतिविधिका साथ खेल्दै देवी दरबारसम्म पुग्ने गर्दछन्।

दरबारमा पुगेका पीडितहरु माताको दृष्टि परेपछि निको भई आ-आफ्ना घर फर्कने गरेको माताका अर्का पुजारी झगरु झाले बताए। षष्ठीदेखि विजयादशमीसम्म चल्ने यस मेलामा महोत्तरी, सर्लाही, धनुषा, सिरहा, रौतहट, हेटौंडा, धरान, विराटगर र काठमाडौंदेखि तथा भारतका सीतामढी, मधुवनी र पटना सहरसम्मका हजारौं पीडित महिला तथा पुरुष पुग्ने गरेको पुजारी कामेश्वरले बताए।

**खाद्य गुणस्तरमा ध्यान दिऔं ।**

- सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
- मिसावट भएको खाद्य सामाग्री नबेचौं र नकिनौं,
- खाद्य सामाग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं,
- म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं,
- खाद्यान्न भण्डारण देखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं,
- ताजा फलफूल र तरकारी खाने बानी बसाऔं,
- अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं,
- खाद्य सामाग्री सही तापक्रममा भण्डारण गरौं,

*स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday